# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर, बाँके
## लुम्बिनी प्रदेश, नेपाल

प सं:-०७९।०८०
च नं :-

**खाजा, खाना र पानी आपूर्ती गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आवह्वानको सूचना ।।।**

**(दोस्रो पटक सूचना प्रकाशन मिति २०७९।०५।०१)**

यस कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका शाखा/उपशाखा तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुका लागि आ व २०७९।०८० मा प्रतिशपर्धात्मक विधिद्वारा खाजा, खाना र खानेपानी (जार र बोत्तल) आपूर्ती का लागि मिति २०७९।०४।२० मा प्रकाशित सूचना अनुसार प्रयास प्रस्ताव पेश नभएकोले कोहलपुर नगरपालिका क्षेत्रभित्र रहेका इच्छुक फर्म, संस्था वा कम्पनीले निम्नानुसारको शर्तको अधिनमा रही प्रस्ताव पेश गर्न दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

१ कोहलपुर नगरपालिका, नगर कार्यपलिकाको कार्यालयको जिन्सी शाखाबाट दरभाउ पत्र (BOQ) उपलब्ध हुनेछ र दरभाउपत्र फाराम माग गर्न निवेदनसाथ फर्म रजिष्ट्रेशन, व्यवशाय दर्ता प्रमाणपत्र, इजाजतपत्र, मूल्य अभिवृद्ध कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७७।०७८ सम्मको करचुक्ता भएको प्रमापत्र संलग्न राख्नुपर्नेछ।

२ सूचना प्रकाशित भएको मितिले ५ औं दिन (२०७९।०५।०५) सम्म दरभाउपत्र फाराम उपलब्ध हुनेछ र ६ औं दिन (२०७९।०५।०६) को १२ बजेसम्म सिलबन्दी दउभाउपत्र कार्यालयमा दर्ता गर्नुपर्नेछ।

३ म्यादभित्र दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्रहरु सोही दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाताहरुको वा निजका प्रतिनिधिहरुका रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ खोल्न बाधा पर्ने छैन।

४ दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुवैमा प्रस्टरुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। साथै सर्त रहेको म्याद नाघी वा रित नपुगी पर्न आएका सिलबन्दी दरभाउपत्रहरु उपर कुनै कारवाही हुने छैन।

५ यस सूचनामा उल्लेख नभएको अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून एवं नगरपालिकाको निर्णय बमोजिम हुनेछ। साथै बोलपत्र सम्बन्धी थप जानकारी कार्यालय समयभित्र जिन्सीशाखामा ९८४८०५७१९२ मा सम्पर्क राखी बुझ्न सकिनेछ।

टिकाराम
प्रमुख प्रशासकीय अधिकृत